जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २९२ | २०८३ साल जेठ २५ गते सोमवार | Monday-08-June-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## बरियारपुर सुरक्षा बेस क्याम्पमाथि तस्करी संरक्षण र अवैध असुलीको आरोप

***शु.आ. सम्बाददाता***
***बारा, २४ जेठ***

भारतसँग जोडिएको बाराको सिमावर्ती क्षेत्रमा तस्करी नियन्त्रणको जिम्मेवारी बोकेको सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस क्याम्प बरियारपुर यतिबेला गम्भीर आरोपको घेरामा परेको छ। क्याम्पका प्रमुख सशस्त्र प्रहरी निरीक्षक रमेश कंडेलको कार्यकालमा केही सुरक्षाकर्मीमार्फत अवैध असुलीको सञ्जाल सञ्चालन भएको तथा सीमावर्ती नाकाबाट हुने तस्करी गतिविधिलाई संरक्षण प्रदान गरिएको आरोप सार्वजनिक भएपछि स्थानीय तहमा व्यापक चर्चा सुरु भएको छ।




स्थानीय स्रोत, सुरक्षा निकायभित्रका केही स्रोत तथा सीमावर्ती क्षेत्रका सरोकारवालाहरूले क्याम्पमा कार्यरत सशस्त्र प्रहरी जवान राम प्रवेश कुशवाहालाई अनौपचारिक रूपमा 'घुमुवा'को भूमिकामा परिचालन गरिएको दाबी गरेका छन्। आधिकारिक रूपमा कोट मास्टरको जिम्मेवारीमा रहेका कुशवाहाले सीमावर्ती क्षेत्रको गतिविधि समन्वय र निगरानीको नाममा विभिन्न स्थानमा सक्रिय भूमिका खेलेको आरोप छ।

स्रोतहरूका अनुसार सिम्रौनगढ, कवहीगोठ, दक्षिण झिटकैया, मटिअर्वालगायतका सीमावर्ती नाकाबाट भित्रिने विभिन्न मालसामान बरियारपुर तथा गञ्जभवानीपुर क्षेत्रमा भण्डारण हुने गरेको र त्यसक्रममा आर्थिक लेनदेन हुने गरेको आरोप लगाइएको छ। केही स्थानीय स्रोतहरूले तस्करी नियन्त्रणका लागि खटिनुपर्ने सुरक्षाकर्मीहरूकै संरक्षणमा अवैध सामानको आवतजावत सहज बनाइएको दाबी गरेका छन्।

स्थानीय बासिन्दा तथा केही व्यवसायीहरूले कलैया-बरियारपुर सडकखण्डस्थित सशस्त्र प्रहरी चेकपोष्ट आसपासबाट नियमित रूपमा रकम असुली हुने गरेको आरोप लगाएका छन्। उनीहरूका अनुसार भारतीय नम्बर प्लेटका सवारीसाधन, माछा बोकेका गाडी, चौपाया ओसारपसार गर्ने सवारी तथा अन्य मालवाहक साधनबाट जाँचको नाममा रकम उठाइने गरेको गुनासो लामो समयदेखि सुनिँदै आएको छ।

स्थानीय स्रोतहरूका अनुसार चेकपोष्टमा संकलन हुने रकमको निश्चित 'व्यवस्था' रहेको र त्यसमा केही सुरक्षाकर्मीहरूको प्रत्यक्ष संलग्नता रहेको आशंका गरिएको छ।

मदिरा भट्टीदेखि सीमावर्ती बजारसम्म

बाँकी तेश्रो पृष्ठमा

## देवाही गोनाहीमा कालोपत्रे सडक निर्माणमा चरम लापरवाही प्राविधिक र ठेकेदारको मिलोमतोको आरोप

***शु. आ. सम्बाददाता***
***रौतहट, २४ जेठ***

जिल्लाको देवाही गोनाही नगरपालिका वडा नम्बर ४ स्थित धार्मिक तथा ऐतिहासिक स्थल रामजानकी मठदेखि ईमलिया टोलसम्म भइरहेको कालोपत्रे सडक निर्माण कार्यमा व्यापक अनियमितता र लापरवाही भएको पाइएको छ। निर्माण कार्यमा आवश्यक न्यूनतम मापदण्ड समेत पालना नगरी हतार-हतारमा गुणस्तरहीन काम भइरहेको भन्दै स्थानीयवासीले तिव्र विरोध जनाएका छन्।



स्थानीय नागरिकहरूका अनुसार सडक निर्माणको जिम्मा पाएको ठेकेदार कम्पनीले प्राविधिक स्टिमेट लागत इष्टिमेटलाई पूर्ण रूपमा बेवास्ता गर्दै कमजोर पूर्वाधार तयार पारेको छ। सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरका प्राविधिक इन्जिनियर संजय यादव र ठेकेदार पक्षबीचको आपसी मिलोमतोका कारण यस्तो गुणस्तरहीन कामले प्रश्रय पाएको स्थानीयको गम्भीर आरोप छ। प्राविधिक अनुगमन फितलो हुनु र जिम्मेवार अधिकारीकै संरक्षण रहनुले निर्माण पक्षको मनोबल बढेको दाबी गरिएको छ।

कुनै पनि सरकारी बजेट वा सार्वजनिक विकास निर्माणका योजनाहरू सञ्चालन गर्दा सर्वसाधारणको जानकारीका लागि योजनाको कुल लागत, दातृ निकाय वा स्रोत, ठेक्का स्वीकृत भएको मिति, काम सम्पन्न गर्नुपर्ने अवधि र निर्माण व्यवसायीको नामसहितको सूचना बोर्ड होडिङ बोर्ड अनिवार्य रूपमा राख्नुपर्ने कानुनी प्रावधान छ। तर यस सडक खण्डमा त्यस्तो कुनै पनि बोर्ड राखिएको छैन। सूचना लुकाएर अपारदर्शी ढंगले काम गरिएकाले पनि यस योजनामा ठूलो आर्थिक चलखेल भएको आशंकालाई बल पुऱ्याएको छ।

यसैबीच सडक निर्माणमा भइरहेको बदमासी र जनगुनासोप्रति नेकपा एमाले रौतहट जिल्ला उपाध्यक्ष रूपेश कुमार पटेलले गम्भीर ध्यानाकर्षण भएको जनाए। नेता पटेलले राज्यकोषको बजेट दुपयोग गरेर जनस्वास्थ्य र स्थानीयको विकासमाथि खेलबाड गर्ने छुट कसैलाई नभएको बताए।

सम्बन्धित सरोकारवाला निकाय जिल्ला

बाँकी तेश्रो पृष्ठमा

## महालेखाको प्रश्नपछि जितपुर-सिमराको फोहोर व्यवस्थापनमा सुधारको पहल, सेग्रिगेसन मेसिन जडान गरिने

***शु.आ. सम्बाददाता***
***बारा, २४ जेठ***

जितपुर-सिमरा उपमहानगरपालिकाले फोहोर संकलन तथा व्यवस्थापनका नाममा करोडौं रुपैयाँ खर्च गरे पनि दीर्घकालीन योजना, आफ्नै ल्याण्डफिल्ड साइट तथा प्रभावकारी व्यवस्थापन प्रणालीको अभाव रहेको तथ्य महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनमार्फत सार्वजनिक भएपछि नगरपालिकाले सुधारको पहल थालेको छ।




महालेखा परीक्षकको कार्यालयले आर्थिक वर्ष २०८१/०८२ को प्रतिवेदनमा उपमहानगरपालिकाको फोहोर व्यवस्थापन क्षेत्रका गम्भीर कमजोरी औंल्याउँदै तत्काल सुधारका लागि सुझाव दिएको थियो। प्रतिवेदनमा फोहोर व्यवस्थापनको स्पष्ट योजना अभाव, फोहोरको वैज्ञानिक वर्गीकरण नहुनु, आफ्नै ल्याण्डफिल्ड साइट नहुनु तथा ठूलो रकम खर्च हुँदाहुँदै पनि दीर्घकालीन व्यवस्थापन प्रणाली विकास गर्न नसकिएको उल्लेख गरिएको थियो। महालेखा प्रतिवेदनअनुसार नगर सरसफाइ तथा फोहोर व्यवस्थापन शीर्षकमा १ करोड ८० लाख रुपैयाँ बजेट विनियोजन गरिएकोमा १ करोड ७७ लाख ७ हजार ५ सय ५६ रुपैयाँ विभिन्न संस्था तथा व्यक्तिलाई भुक्तानी गरिएको थियो। फोहोर ढुवानीमा प्रयोग भएका सवारी साधनको इन्धन

बाँकी तेश्रो पृष्ठमा

### श्री नेपाल राष्ट्रिय माध्यमिक विधालय,प्रस्टोका-५

प्रसौनी गाउँपालिका-५, प्रस्टोका (बारा)

**SHREE NEPAL NATIONAL SECONDARY SCHOOL,PRASTOKA-5**
**Prasauni Rular Municipality-5,Prastoka(Bara) nepal**
**ESTD:2045**

मोबाइल नं: ९८५५०४५७११
मिती: २०८३-०२-२५

विषय: विधालय सहायक कर्मचारी (लेखापाल) आवश्यकता।

(प्रथम पटक प्रकाशित मिति २०८३-०२-२५ )

यस विधालयको रिक्त विधालय सहायक कर्मचारी (लेखापाल) पदमा श्री शिक्षा बिकास तथा समन्वय इकाई, कलैया बाराको पत्र सं.०८२/०८३ चलानी नं. ८५८ मिति २०८२-११-१३ को विज्ञापन अनुमति पत्र एवम विधालय व्यवस्थापन समितिको २०८३-०२-१९ को निर्णय बमोजिम तपसिलका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आहवान गरिन्छ।

तपसिल

| | | |
|---|---|---|
| १ | विज्ञापन नं. | १/०८२/०८३ |
| २ | पद | विधालय सहायक कर्मचारी (लेखापाल) |
| ३ | नियुक्तिको प्रकार | करार |
| ४ | आवश्यक संख्या | १ (एक) |
| ५ | तलब सुविधा | नेपाल सरकारले तोके बमोजिम |
| ६ | शैक्षिक योग्यता | वाणिज्य सकांयबाट कक्षा १२ वा सो सरह उतीर्ण |
| ७ | दरखास्त दिने अन्तिम मिति | २०८३/०३/०८ गते सम्म |
| ८ | सम्पर्क मिति | २०८३/०३/१० गते (परिक्षा मिति सम्पर्क मितिमा तोकिनेछ।) |
| ९ | परीक्षाको किसिम | लिखित र अन्तरवार्ता |
| १० | आवेदन दस्तुर | रु. १०००।०० (रु एक हजार मात्र) पछि फिर्ता नहुने गरी |
| ११ | उमेर | १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको |
| १२ | आवश्यक कागजातहरु | शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाण पत्र,अनुभवको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी, परीक्षा दस्तुर बुझाएको सक्कल भौचर र हस्तलिखित निवेदन |

पुनश्च: आवेदन दस्तुर विधालयको श्री हिमालयन बैंक लिं. प्रसौनीको च.हि.नं. ०५३०९०१९९०००१७ बैंकमा दाखिला गरी बैंक भौचर तथा शैक्षिक योग्यता, नेपाली नागरिकता तथा अन्य कागजातका प्रमाणित प्रतिलिपी सहित हस्तलिखित निवेदन सहित बिदा बाहेक विधालय सञ्चालन हुने समय बिहान ६:०० बजे देखि दिँउसो १२:०० बजे सम्म आवेदन दिन सकिनेछ।

......................
प्रधानाध्यापक
श्री नेपाल राष्ट्रिय माध्यमिक विधालय,
प्रस्टोका-५, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - देवताल गाउँपालिका

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम बिहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com

## सम्पादकीय..........

### सुक्दै गरेका चापाकल र गहिरिँदो संकट

बारा जिल्लाका विभिन्न स्थानीय तहमा भूमिगत पानीको सतह घट्दै जाँदा खानेपानीको समस्या दिनप्रतिदिन गम्भीर बन्दै गएको छ । केही वर्षअघिसम्म सहज रुपमा उपलब्ध हुने पानीका स्रोतहरु अहिले सुक्न थालेका छन् । वैशाखको सुरूआतसँगै जिल्लाका धेरै बस्तीमा चापाकलले पानी दिन छाडेका छन् भने गर्मी बढेसँगै समस्या झन् चर्किएको छ । सिम्रौनगढ, पचरौता, देवताल, सुवर्ण, फेटा, विश्रामपुर, प्रसौनी तथा कलैया लगायतका क्षेत्रमा स्थानीयवासीले दैनिक उपभोगका लागि समेत पानीको अभाव झेल्नुपरेको अवस्था छ । कतिपय ठाउँमा मानिसहरु टाढाटाढाबाट पानी ल्याउन बाध्य भएका छन् । यो अवस्था केवल मौसमी समस्या मात्र होइन, वर्षौंदेखि जम्दै आएको वातावरणीय र प्राकृतिक असन्तुलनको परिणाम हो ।

विज्ञहरुका अनुसार चुरे क्षेत्रको विनाश, वन फँडानी, नदीजन्य पदार्थको अत्यधिक उत्खनन तथा भूमिगत पानीको अनियन्त्रित दोहनका कारण भू–जलको पुनर्भरण क्षमता कमजोर बन्दै गएको छ । चुरे क्षेत्र मधेशको जलस्रोतको मुख्य आधार मानिन्छ । वर्षाको पानी जमिनभित्र सञ्चित भएर भूमिगत स्रोतलाई पुनःभरण गर्ने प्राकृतिक प्रक्रिया नै प्रभावित भएपछि पानीको सतह निरन्तर तल झर्दै गएको छ ।

यससँगै पछिल्ला वर्षहरुमा जथाभावी गहिरा डिप बोरिङ सञ्चालन हुनु पनि अर्को चुनौती बनेको छ । पर्याप्त अध्ययन र नियमनबिना सयौं फिट गहिराइबाट पानी निकालिँदा सतह नजिकका परम्परागत चापाकलहरु सुक्न थालेका छन् । पानीको माग बढ्दो छ, तर स्रोतको संरक्षण र पुनर्भरणतर्फ आवश्यक ध्यान पुगेको देखिँदैन ।

चिन्ताको विषय के छ भने समस्या प्रत्येक वर्ष दोहोरिए पनि दीर्घकालीन समाधानतर्फ प्रभावकारी पहल हुन सकेको छैन । स्थानीय सरकारहरु नयाँ चापाकल जडान वा तत्कालीन राहतका उपायमा केन्द्रित देखिन्छन् । तर वर्षाको पानी संकलन, पुनर्भरण पोखरी निर्माण, परम्परागत इनार संरक्षण तथा भू-जल उपयोगको वैज्ञानिक व्यवस्थापनजस्ता उपाय अझै प्राथमिकतामा पर्न सकेका छैनन् ।

जलवायु परिवर्तनले यो संकटलाई थप जटिल बनाएको छ । बढ्दो तापक्रम, अनियमित वर्षा र लामो खडेरीले पानीको उपलब्धता घटाउँदै लगेको छ । यदि अहिले नै सचेत भएर योजना निर्माण गरिएन भने भविष्यमा मधेशका धेरै क्षेत्रले गम्भीर खानेपानी संकटको सामना गर्नुपर्ने अवस्था आउन सक्छ । त्यसैले अब समस्या देखिएपछि मात्र प्रतिक्रिया जनाउने होइन, स्रोत संरक्षण र दिगो व्यवस्थापनतर्फ केन्द्रित हुने समय आएको छ । चुरे संरक्षण, वर्षाको पानी पुनर्भरण, भू–जल दोहनमा नियन्त्रण र वातावरणमैत्री विकास नीतिबिना यो संकट समाधान हुन सक्दैन । सुक्दै गएका चापाकलहरुले आज पानीको अभाव मात्र होइन, भोलिको ठूलो संकटको चेतावनी दिइरहेका छन् । त्यसलाई समयमै बुझेर कदम चाल्नु सबै तहका सरकार र सरोकारवालाको जिम्मेवारी हो ।

# न्यायपालिकाको साखमा चुनौती



शंकरनाथ काफ्ले

आलोचनाले मात्र न्यायपालिकाको सुधार हुन सक्दैन, प्रतिबद्धता माथि इमान आवश्यक पर्दछ ।

जनताको सबैभन्दा बढी भरोसा हुने अंग न्यायपालिका हो । न्यायपालिका सधैं स्वतन्त्र हुन्छ, निष्पक्ष हुन्छ र नागरिकको प्रत्येक अधिकार संरक्षण गर्न र गराउन सक्षम हुन्छ । थोरै मात्र लोकतन्त्र भएको मुलुकमा पनि सरकार निरंकुश हुँदा समेत जनताले न्यायालयबाट सुरक्षाको अनुभूति गरिरहेका हुन्छन् । यसकारण नागरिकको मनमा सधैं न्यायालयको विषेश महत्व हुन्छ । प्रायः न्यायालय नागरिकको पक्षमा हुने भएकाले सरकार न्यायलयलाई आफ्नो अभियानको अवरोध शक्ति ठानिरहेको हुन्छ ।

प्रायः सरकारहरू सत्ता सञ्चालनका लागि गठन भएका हुन्छन । सत्तामा आँच नआउँदासम्म उसले हरेक पक्षलाई सकारात्मक रूपमा लिइरहेको हुन्छ भने कतैबाट आफ्नो सत्तामा थोरै मात्र हस्तक्षेप हुन पुगेमा उसले आफूलाई असुरक्षित अनुभव गर्दछ र त्यसपछि उसको पहिलो आक्रमण नागरिकको अधिकारमाथि नै हुने गर्दछ । नागरिकमाथि आक्रमण गर्दा न्यायालयले अवरोध गऱ्यो भने उसको दोस्रो आक्रमण स्वयं न्यायपालिका माथि हुने गर्दछ। व्यवहारतः न्यायाधीश नियुक्तिमा सरकारको नै भूमिका हुने भए पनि न्यायपालिकाले संविधान र कानुनको रक्षाका लागि सरकारलाई नै खबरदारी गर्ने भएको कारण न्यायपालिकाको गौरव उच्च हुने गर्दछ । न्यायालयले जनताको अधिकारको रक्षाका लागि आफूलाई समर्पित गर्ने भए पनि न्यायालयप्रति जनतामा सधैं एकै प्रकारको आशा र विश्वास रहिरहन्छ भन्ने हुँदैन । कतिपय सन्दर्भमा न्यायालयको कार्य व्यवहारले पनि जनतामा नैराश्यता बढाउने कार्य गर्दछ । नेपालकै सन्दर्भमा अध्ययन गर्दा पनि कतिपय सन्दर्भमा ढिलो न्याय गर्ने परम्पराले सबैभन्दा बढी नैराश्यता जगाउने गरेको पाइन्छ । एउटै विवादमा वर्षौं वर्ष बिताउनुपर्ने, उस्तै पऱ्यो भने हजुरबाको मुद्दा नातिको पालासम्म चलिरहेको पनि पाइन्छ। न्यायपालिकालाई पूर्ण स्वतन्त्र हुनुपर्छ भन्ने गरिन्छ तर कहिलेकाहीँ यसमा अनावश्यक राजनीतिक हस्तक्षेप बढ्ने गरेको पाइन्छ । राजनीतिक हस्तक्षेप बढेपछि न्यायमा निःसन्देश राजनीतिक प्रभाव पर्ने भैहाल्यो। यस्तो अवस्थामा कहिलेकाहीँ न्याय खल्बलिन पुग्छ। यो सन्देहबाट न्यायालयलाई जोगाउनु नेतृत्वको जिम्मेवारी हो । तसर्थ, न्यायालयको नेतृत्व विशेष सक्षम हुनुपर्दछ, निष्पक्ष हुनुपर्दछ। पूर्वाग्रह र प्रभावमुक्त हुनुपर्छ । विशेष गुण र क्षमताको प्रधानन्यायाधीश नियुक्ति गर्नुपर्ने भएकाले यसको जिम्मा संवैधानिक परिषद्लाई दिने गरिएको हो ।

न्यायालय हुन त न्यायपालिकाको सुधारका लागि विभिन्न समय विभिन्न समिति बनेर आवश्यक अध्ययन गरी सुझाव प्रस्तुत नभएका होइनन्। तर, त्यसमा पनि लगातार राजनीतिक प्रभाव परिरह्यो ।

व्यक्तिले कुनै विचार बोकेको हुन सक्छ तर जिम्मेवारी सम्हालेपछि उसले आफ्नो राजनीतिक विचार त्याग्नुपर्ने हुन्छ । कुनै पनि खाले राजनीतिक प्रभावबाट न्यायालयमुक्त हुनै पर्दछ। राज्यप्रति जनतामा विश्वास बढाउनको लागि धेरै सुधारको आवश्यक छ । भाद्र २३ र २४ को आन्दोलन जनतामा बढेको अविश्वासको परिणाम थियो, अब पनि जनतामा विश्वास जनाउने गरी राज्यले जिम्मेवारी निर्वाह गर्न सकेन भने यस्ता घटना फेरि नदोहरिएलान् भनी भन्न सकिन्न । भ्रष्टाचार मुलुकको प्रमुख समस्या हो । प्रत्यक्ष अप्रत्यक्ष रूपमा न्यायालयमा पनि भ्रष्टाचारले आफ्नो खुट्टा घुमाउने गरेको छ भन्ने टिप्पणी धेरै कोणमात्र सुन्ने गरिन्छ । त्यसलाई चिर्न सक्नु पनि नेतृत्वको जिम्मेवारी हो । न्यायालय भ्रष्टाचारमुक्त भयो भने मुलुकमा नै भ्रष्टाचार कमजोर हुन जान्छ ।

भ्रष्टाचार नियन्त्रणमा न्यायालय कठोर र निर्मम भयो भने कार्यपालिकामार्फत हुने गरेका भ्रष्टाचारका दर निकै घट्नेछन् । कार्यपालिकामा हुने भ्रष्टाचार नियन्त्रण हुन सक्यो भने समग्रमा मुलुकको विकास हुनेछ । नागरिकमा राज्यप्रति विशेष भरोसा बढ्नेछ । न्याय सबैका लागि सहज हुनुपर्छ । तर, विविध कारणले गर्दा आज पनि न्यायालय सबैको पहुँचको क्षेत्र हुन सकिरहेको छैन। महँगो न्याय प्रणालीको कारण साधारण मानिसले न्यायका लागि ढोका ढकढकाउन हिम्मत नै गर्न सक्दैनन्।

अर्कोतर्फ, न्यायालयले गरेका कैयौं फैसला समयमा कार्यान्वयन हुन नसकेर मात्र होइन, कार्यान्वयन नै नभएर अर्को समस्या थुप्रिएको छ। फैसलापछि पनि दोषीले सजाय नपाउनु, पीडितले क्षतिपूर्ति र अधिकार नपाउनु तथा अदालतले गरेको फैसला कार्यान्वयन गराउन नै दोस्रो मुद्दा अघि बढाई लामो समय झमेला र अनावश्यक खर्चको जन्जालमा फस्नुपर्ने अवस्थाले गर्दा नागरिक आजित भएको पाइन्छ। यी समस्या समाधानका लागि पनि न्यायपालिकामा विशेष रूपान्तरणको खाँचो परिरहेको देखिन्छ ।

न्यायपालिका कमजोर हुनुमा न्यायपालिकाको भन्दा राजनीतिक दलहरूको भूमिका बढी देखिन्छ । सत्तामा पुगेकाहरू जहिले पनि न्यायालयलाई आफ्नो इसारामा नचाउन चाहन्छ । यसका लागि न्यायाधीश नियुक्ति प्रक्रियामा नै स्वार्थपूर्ण राजनीतिक हस्तक्षेप र चलखेल चलाइरहन्छन् । यो हस्तक्षेप र चलखेलको कारण नै आगामी १० वर्षसम्म कसलाई प्रधानन्यायाधीश बनाउने भन्ने खेल राम्रैसँग चलेको थियो । सक्षम न्यायाधीश छनोटका लागि सुरु तहदेखि नै खुला प्रतिस्पर्धा प्रणालीको अवलम्बन गरिनु पर्दथ्यो, उच्च तहका न्यायाधीशको छनोटमा प्रभावकारी सार्वजनिक सुनुवाइको अवलम्बन गरिनु पर्दथ्यो ।

न्यायाधीश नियुक्तिमा निजको कार्यक्षमता र नैतिकताको प्रभावकारी मूल्यांकन गर्ने परिपाटीको विकास गर्नुपर्ने हुन्थ्यो । तर, जिम्मेवार पक्ष न्यायाधीश नियुक्तिलाई आफ्नो इसारामा चल्नेलाई नै उसको योग्यता र क्षमता ठान्ने गरेको कारणले गर्दा न्याय क्षेत्र बारम्बार विवादमा परिरहेको देखिन्छ । हाम्रा न्यायाधीश अधिकांश अब्बल छन्, सक्षम छन्, इमान्दार छन् । तर, राजनीतिक स्वार्थका कारण उनीहरूलाई पनि बारम्बार विवादको घेरामा तान्ने गरेको पाइन्छ । जसको कारण समग्र न्यायपालिका अनावश्यक रूपमा टिप्पणीको घेराभित्र पर्ने गरेको मान्न सकिन्छ ।

न्यायपालिकाको छवि कायम राख्नको लागि अब विशेष ध्यान पुऱ्याउनुपर्ने आवश्यकता छ । न्यायालयलाई विवादरहित बनाउनका लागि सर्वप्रथम न्यायाधीशहरूको सम्पत्ति विवरण सार्वजनिक गर्ने परम्परा अवलम्बन गर्नु आवश्यक भइसकेको छ । न्यायालयभित्र आन्तरिक अनुशासनलाई बलियो बनाउनुपर्ने भएको छ । अदालतभित्र हुन सक्ने कुनै पनि खाले बिचौलियाको प्रभावलाई पूर्णरूपमा निष्क्रिय पार्नुपर्ने हुन्छ । न्यायालयमा व्यक्तिलाई होइन, संस्थालाई बलियो बनाउने सामूहिक संकल्प जगाउनुपर्ने हुन्छ । न्याय केवल फैसला होइन, जनताको विश्वास हो भन्ने मान्यतालाई स्थापित गर्ने गरी कार्य गर्नु पर्दछ ।

व्यक्तिले कुनै विचार बोकेको हुन सक्छ तर जिम्मेवारी सम्हाले पछि उसले आफ्नो राजनीतिक विचार त्याग्नु पर्ने नै हुन्छ । कुनै पनि खाले राजनीतिक प्रभावबाट न्यायालयमुक्त हुनै पर्दछ । त्यसैगरी, न्यायालय पनि समयको गतिअनुसार अघि बढ्न सक्नु पर्दछ । न्यायालयलाई सहज र प्रभावकारी बनाउन प्रविधिको पूर्ण प्रयोग अपरिहार्य बनेको छ । हामीले खोजेको कानुनको शासन केवल संविधानको पानामा होइन, नागरिकको अनुभूतिमा देखिनुपर्दछ । भुल्नुहुँदैन कि, न्यायपालिका लोकतन्त्रको अन्तिम आशा हो । स्वीकार्नै पर्दछ कि सुधार केवल नीति र कानुन परिवर्तनबाट मात्र होइन, संस्कार र चरित्रबाट गरिनुपर्दछ, तव विधिमा अघि बढेको अनुभूति हुन्छ ।

हुन त न्यायपालिकाको सुधारका लागि विभिन्न समय विभिन्न समिति बनेर आवश्यक अध्ययन गरी सुझाव प्रस्तुत नभएका होइनन । तर, त्यसमा पनि लगातार राजनीतिक प्रभाव परिरह्यो । न्यायपालिकामा देखिने विकृति सुधार गरी न्यायपालिकाको स्वच्छता र पारदर्शिताको बारेमा तत्कालीन न्यायाधीश श्री हरिकृष्ण कार्कीको समितिले २०७७ सालमा तयार गरेको न्यायालय सुधारसम्बन्धी प्रतिवेदन होस् वा २०६४ सालको श्रीहरि अर्यालको प्रतिवेदन होस् वा २०६६ सालको पूर्वन्यायाधीश रामप्रसाद श्रेष्ठको प्रतिवेदन होस् वा २०७२ सालको पूर्वन्यायाधीश गिरीशचन्द्र लालको प्रतिवेदन नै किन नहोस्, त्यसलाई कार्यान्वयन गर्न कसलाई केले रोक्यो ? अध्ययन हुनुपर्दछ। आलोचनाले मात्र न्यायपालिकाको सुधार हुन सक्दैन, प्रतिबद्धता माथि इमान्दारी आवश्यक पर्दछ ।

प्रधानन्यायाधीश नियुक्तिको सन्दर्भमा नयाँ सरकारले भन्ने हो कि संवैधानिक परिषद्ले न्यायवृत्तमा एउटा हलचल ल्याउने निर्णय गरिदिएको छ। यसअघि वरिष्ठतम न्यायाधीशलाई नै प्रधानन्यायाधीशको पदमा नियुक्ति गर्ने प्रचलन भए पनि हाल चौथो वरीयतामा रहेका माननीय न्यायाधीशलाई प्रधान न्यायाधीशमा नियुक्ति गरिएको छ । जे चलन थियो त्यही गरिदिएको भए सामान्य घटना मानिन्थ्यो । तर, कल्पनाभन्दा बाहिरको निर्णय वा सिफारिस संवैधानिक परिषद्ले गरेका कारण तरंग पैदा हुनु स्वाभाविक नै थियो। वर्तमान सरकारको गठन पनि यो प्रकारले होला भन्ने राजनीतिका भविष्यवेत्ताहरूले पनि सोचेका थिएनन् । कुनै राजनीतिक पृष्ठभूमि नभएका वालेन्द्र शाहलाई २०७९ सालको निर्वाचनमा काठमाडौं महानगरपालिकाको मेयर बनाउलान् भनेर धेरैले विश्वास गरेका थिएनन् । तर, तत्कालीन अवस्थामा काठमाडौंवासीले त्यो सम्भव बनाइदिए । रास्वपाले करिब दुईतिहाइ मत प्राप्त गरी वालेन्द्र शाह नेपालको कार्यकारी प्रधानमन्त्री बन्छन् भन्ने विषयमा पनि कसैले परिकल्पना गरेका थिएनन् । तर, नेपाली जनताले त्यो पनि सम्भव बनाइ दिए । वालेन्द्र शाहप्रति नेपाली जनताको जुन विश्वास र भरोसा छ त्यसलाई कायम राख्न तथा मुलुकमा परिवर्तनका लागि वालेन्द्र शाहले जुन संकल्प बोकेका छन्, त्यसका लागि उनले हिजोका कैयौं परम्परालाई चिरेर नयाँ ढंगबाट मुलुकलाई अघि लानु अपरिहार्य छ ।

सुन्दा हेर्दा असहज लागे पनि परिवर्तनका लागि आत्मासाथ गर्नु नै बुद्धिमानी ठहरिन्छ । बरु सरकारले जो जसलाई विश्वास गरेर जे जुन जिम्मेवारीहरू सुम्पेको छ, त्यसलाई इमान्दारी र सक्षमतापूर्वक कार्यान्वयन गर्नु र गराउनु आजको आवश्यकता हो। सम्माननीय प्रधानन्यायाधीशबाट न्यायालयको समग्र सुधारमा विशेष भूमिका रहन्छ र मर्दै गरेको न्याय पुनः व्युझिन्छ भन्ने कुरामा नेपाली जनता आशावादी छन् ।

- काफ्ले अधिवक्ता हुन् ।

गौर प्राथमिक कान उपचार केन्द्र
गौर - १, रौतहट
यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं - + ९७७ ९८५११९१०५०,९८४४४४४३४७
इंडियन नं :- +91 8935959150
सम्पर्क स्थान :- जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ , शिवालय मंदिर से उतर

## अन्तराष्ट्रिय समाचार

# आणविक कार्यक्रमबाट 'पछि नहट्ने' उत्तर कोरियाको भनाइ



***सियोल-*** उत्तर कोरियाले आफ्नो आणविक हतियार कार्यक्रमलाई बलियो बनाउने भन्दै निशस्त्रीकरणको अमेरिकी आग्रहलाई आइतबार अस्वीकार गरेको छ ।
उत्तर कोरियाले फेरि एकपटक अमेरिकालाई खुला चुनौती दिँदै आफ्नो परमाणु हतियार कार्यक्रम नरोक्ने स्पष्ट पारेको हो । उत्तर कोरियाली नेता किम जोङ उनकी बहिनी किम यो जोङले आणविक निःशस्त्रीकरणको अमेरिकी मागलाई पुरानो र अव्यावहारिक सपना बताए ।
उनले अमेरिका र उसका सहयोगीहरूको चेतावनीका बीच उत्तर कोरियाले आफ्नो परमाणु शस्त्रागारलाई बलियो बनाइरहने बताए । यो अभिव्यक्तिले फेरि एकपटक कोरियाली प्रायद्वीपमा तनाव बढाएको छ ।
उत्तर कोरियाका वरिष्ठ नेता यो जोङले आफूले उत्तर कोरियालाई आणविक शक्तिका रूपमा मान्यता दिएको र यसलाई परिवर्तन गर्ने अमेरिकी प्रयासको कुनै कानुनी महत्व नभएको बताएका छन् । अमेरिकी राष्ट्रपति ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङ उत्तर कोरियाको आणविक निःशस्त्रीकरणका लागि सहमत भएको भन्ने अमेरिकी दाबीलाई पनि उनले खण्डन गरे ।
उनले अमेरिका अझै पनि पुरानो सोचमा फसेको बताए। उत्तर कोरिया पछि हट्ने छैन र आफ्नो सुरक्षाका लागि आफ्नो परमाणु शक्ति बढाउने क्रम जारी राख्नेछ।
उत्तर कोरियाले आफ्नो आणविक हतियार र क्षेप्यास्त्र कार्यक्रमलाई बलियो बनाइरहेको छ। सन् २०१९ मा राष्ट्रपति ट्रम्प र नेता किम जोङ उनबीचको वार्ता असफल भएपछि उत्तर कोरियाले आफ्नो हतियार कार्यक्रमलाई तीव्रता दिएको थियो। हालसालै किम जोङ उनले आणविक सामग्री उत्पादन प्लान्टको भ्रमण गरेका थिए । सो अवसरमा उनले मुलुकको आणविक शक्ति कैयौँ गुणा तीव्र रुपमा बढाइने बताएका थिए । उत्तर कोरियाको सरकारी सञ्चारमाध्यमले आइतबार किम जोङ उनले पनि एउटा हतियार कारखानाको भ्रमण गरी क्षेप्यास्त्र उत्पादन क्षमतामा साढे दुई गुणा वृद्धि गर्न आदेश दिएको जनाएको थियो। चिनियाँ राष्ट्रपति सी जिनपिङले उत्तर कोरियाको भ्रमण गर्ने कार्यक्रम भइरहेका बेला यो भनाइ आएको हो। यो भ्रमणमार्फत चीन उत्तर कोरियामा आफ्नो प्रभाव बलियो बनाउन चाहेको अनुमान गरिएको छ। चीनले आणविक निशस्त्रीकरणको मुद्दा प्रत्यक्ष रुपमा नउठाउने तर आर्थिक सहयोग बढाउन जोड दिने विज्ञहरुको विश्वास छ।
अर्कोतर्फ उत्तर कोरिया भने रुससँग नजिक हुँदै गएको देखिन्छ। अमेरिका र दक्षिण कोरियाले युक्रेन युद्धमा रुसलाई सहयोग गर्न हतियार र सेना पठाएको आरोप लगाएका छन् । प्योङयाङले रूसलाई गरेको सैन्य सहयोगको बदलामा रुसबाट आर्थिक र सैन्य सहयोग प्राप्त गरिरहेको छ। यो जोङले अमेरिका र दक्षिण कोरियाले लगातार हतियार बढाएको आरोप लगाउँदै दुवै देशले सैन्य दबाब प्रयोग गरेर उत्तर कोरियालाई धम्क्याउन खोजेको दावी पनि गरेका छन्। यही कारण उत्तर कोरियाले आफ्नो परमाणु क्षमतालाई थप बलियो बनाइरहेको छ उनको दावी रहेको छ। प्योङयाङबारे जानकार स्रोतका अनुसार उत्तर कोरिया अब आफूलाई स्थायी परमाणु शक्तिका रुपमा स्थापित गर्न चाहन्छ । यसको उद्देश्य अन्तर्राष्ट्रिय प्रतिबन्ध फुकुवा गर्नु र विश्वव्यापी स्तरमा राजनीतिक मान्यता प्राप्त गर्नु हो तर, अमेरिका र उसका सहयोगी राष्ट्रहरु अझै पनि उत्तर कोरियामाथि दबाब दिइरहेका छन्।

## बरियारपुर.....

असुलीको दाबी
सशस्त्र प्रहरी स्रोतको दाबीअनुसार जवान कुशवाहाले गञ्जभवानीपुर, नौतन तथा कोतवाली क्षेत्रका केही मदिरा भट्टी तथा सीमावर्ती व्यवसायिक गतिविधिबाट समेत नियमित रूपमा रकम संकलन गर्ने गरेको आरोप छ। स्रोतले दाबी गरेअनुसार चेकपोष्ट तथा अन्य स्थानबाट संकलित रकमको एक हिस्सा माथिल्लो तहसम्म पुग्ने गरेको चर्चा संगठनभित्रै हुने गरेको छ।
त्यस्तै केही स्रोतहरूले जवान कुशवाहा र सशस्त्र प्रहरी निरीक्षक कंडेलले सीमावर्ती क्षेत्रका केही तस्कर तथा स्थानीय व्यक्तिहरूसँग नियमित भेटघाट र भोजभतेर गर्ने गरेको आरोप समेत लगाएका छन्।
आरोपबारे प्रतिक्रिया लिन खोज्दा सशस्त्र प्रहरी निरीक्षक रमेश कंडेलले आफू र आफ्नो क्याम्पमाथि लगाइएका आरोपहरू अस्वीकार गरेका छन् । उनले जवान राम प्रवेश कुशवाहा कोट मास्टरको जिम्मेवारीमा मात्र रहेको र आवश्यक रासन तथा अन्य सामग्री ल्याउने काममा सहयोग गर्ने गरेको बताएका छन् ।
"यदि कसैसँग कुनै प्रमाण वा गुनासो छ भने प्रत्यक्ष रूपमा आएर जानकारी गराओस्," उनले भनेका छन्।
उनले आफ्नो नेतृत्वमा क्याम्पले तस्करी नियन्त्रण तथा सीमा सुरक्षाका लागि सक्रिय रूपमा काम गरिरहेको दाबी गरेका छन् । स्थानीय सरोकारवाला, नागरिक समाजका प्रतिनिधि तथा सीमावर्ती क्षेत्रका बासिन्दाहरूले भने यस्ता गुनासाहरू पटक-पटक उठिरहेकाले सम्बन्धित निकायले निष्पक्ष र पारदर्शी छानबिन गर्नुपर्ने माग गरेका छन्। उनीहरूको भनाइमा यदि आरोप निराधार सावित भए सम्बन्धित सुरक्षाकर्मीको प्रतिष्ठा जोगिनुपर्छ, तर आरोप सत्य ठहरिए राज्यको सुरक्षा संयन्त्रमाथिको जनविश्वास जोगाउन दोषीमाथि कडा कारबाही हुनुपर्छ।
सीमा सुरक्षा, तस्करी नियन्त्रण र राजस्व संरक्षणजस्ता संवेदनशील जिम्मेवारी बोकेको निकायमाथि नै संरक्षण र अवैध असुलीका आरोप लाग्नु गम्भीर विषय भएको भन्दै स्थानीयहरूले सशस्त्र प्रहरी बलको प्रदेश तथा केन्द्रीय नेतृत्वले घटनाबारे छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्न माग गरेका छन्।
आरोप र प्रत्यारोपबीच वास्तविकता के हो भन्ने विषय अब सम्बन्धित निकायको आधिकारिक अनुसन्धान र छानबिनले मात्र स्पष्ट पार्ने देखिएको छ । हालका लागि भने बरियारपुर सुरक्षा बेस क्याम्पमाथि उठेका प्रश्नहरूले सीमा सुरक्षाको प्रभावकारिता र सुरक्षाकर्मीहरूको भूमिकामाथि नयाँ बहस सुरु गराएको छ ।

## दलित.........

लाखभन्दा बढी रहेको र त्यसमध्ये करिब १० लाख दलित समुदाय रहेको जानकारी दिए । प्रदेशको कुल जनसंख्याको करिब १६ प्रतिशत हिस्सा ओगट्ने दलित समुदाय शिक्षा, स्वास्थ्य, रोजगारी तथा राजनीतिक प्रतिनिधित्वका क्षेत्रमा अझै पछाडि रहेको उनको भनाइ थियो।
उनका अनुसार दलित समुदायमा विद्यालय छाड्ने दर उच्च छ भने उच्च शिक्षामा पहुँच न्यून छ। स्वास्थ्य सेवा, पोषण, सरसफाइ र सुरक्षित आवासको अवस्था पनि सन्तोषजनक छैन । भूमिहीनता, बेरोजगारी तथा वैदेशिक श्रममा निर्भरता अन्य समुदायको तुलनामा बढी रहेको उल्लेख गर्दै उनले सरकारी सेवा, प्रशासनिक संरचना तथा नीति निर्माण तहमा जनसंख्याको अनुपातअनुसार प्रतिनिधित्व सुनिश्चित हुन नसकेको बताए ।
कार्यक्रममा सहभागीहरूले संविधानले सुनिश्चित गरेका अधिकारको पूर्ण कार्यान्वयन, शिक्षा तथा रोजगारीमा विशेष अवसर, भूमि अधिकार, सामाजिक सुरक्षा र राजनीतिक सहभागिता सुनिश्चित गर्न राज्यसँग माग गरेका छन् । साथै राज्यका निकायहरूलाई अझ जिम्मेवार, संवेदनशील र उत्तरदायी बन्न आग्रह गरेका छन्।
गोष्ठीको निष्कर्ष अनुसार मधेश प्रदेशका दलित समुदायका लागि शिक्षा, स्वास्थ्य, रोजगारी तथा आर्थिक सशक्तीकरण प्रमुख आवश्यकता हुन् । तर सामाजिक विभेद, छुवाछूत, राजनीतिक बहिष्करण, भूमिहीनता र गरिबी अझै पनि समुदायका मुख्य चुनौतीका रूपमा कायम रहेका छन्। सहभागीहरूले दलित विकास समिति गठनलाई सकारात्मक कदमका रूपमा स्वागत गर्दै यसको प्रभावकारिता पर्याप्त बजेट, प्रभावकारी नीति कार्यान्वयन तथा परिणाममुखी कार्यक्रममार्फत मात्र पुष्टि हुने बताएका छन्। उनीहरूको निष्कर्षमा राज्यले कागजी प्रतिबद्धताभन्दा माथि उठेर दलित समुदायको जीवनस्तरमा प्रत्यक्ष सुधार ल्याउने ठोस, व्यवहारिक र प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता अहिलेको प्रमुख चुनौती र जिम्मेवारीका रूपमा रहेको छ ।

**विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रूपमा आउने हुँदा :**
- विपदबाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्याल राखौं,
- विपत्तिमा परेकालाई उद्धार पुनर्स्थापनामा सहयोग गरौं,
- विपद् सम्बन्धी सचेतना फैलाऔं,
- विपदबाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

**फेटा गाउँपालिका**
**फेटा बारा**







**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।**
**सम्पर्क नम्बर : ९८४५२२६३०५**




## महालेखाको........

खर्च जोड्दा वास्तविक खर्च अझ बढी रहेको प्रतिवेदनमा उल्लेख छ।
उपमहानगरपालिकासँग आफ्नै ल्याण्डफिल्ड साइट नहुँदा संकलित फोहोर वीरगञ्ज महानगरपालिकाको प्रशोधन केन्द्रमा पठाउने गरिएको छ । यसबापत आर्थिक वर्षभरि ५५ लाख ६९ हजार रुपैयाँभन्दा बढी रकम शुल्क तिर्नुपरेको महालेखाले जनाएको छ। यस्तो अवस्था दीर्घकालीन रूपमा आर्थिक रूपमा बोझिलो र जोखिमपूर्ण रहेको भन्दै महालेखाले आफ्नै फोहोर व्यवस्थापन पूर्वाधार निर्माण गर्न सुझाव दिएको थियो।
महालेखाको प्रतिवेदन सार्वजनिक भएपछि तथा सञ्चारमाध्यममा समाचार प्रकाशन भएसँगै उपमहानगरपालिकाले फोहोर व्यवस्थापनलाई प्राथमिकतामा राख्दै आगामी योजना अघि सारेको छ। आईतबार सम्पन्न नगरसभाको १४ औं अधिवेशनले फोहोर व्यवस्थापनलाई व्यवस्थित बनाउन सेग्रिगेसन (फोहोर वर्गीकरण) मेसिन जडान गरी फोहोर प्रशोधन कार्य सुरु गर्ने योजना पारित गरेको छ।
नगरसभाले स्रोतमै फोहोर वर्गीकरण, पुनःप्रयोग तथा प्रशोधन प्रणाली विकास गर्दै दीर्घकालीन फोहोर व्यवस्थापनको आधार तयार गर्ने लक्ष्य लिएको जनाएको छ। यस योजनाले हालसम्म देखिएका व्यवस्थापनका कमजोरी न्यूनीकरण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।
महालेखा परीक्षकको कार्यालयले फोहोर व्यवस्थापनबापत नागरिकबाट सेवा शुल्क संकलन नगरेको, राजस्व व्यवस्थापन प्रभावकारी नभएको तथा खर्चको मितव्ययितामाथि समेत प्रश्न उठाएको थियो । प्रतिवेदनले फोहोर व्यवस्थापन योजना तयार गरी सेवा शुल्क संकलन, राजस्व व्यवस्थापन तथा प्रशोधन प्रणाली विकास गर्न सुझाव दिएको थियो।
फोहोर व्यवस्थापनका क्षेत्रमा वर्षौंदेखि देखिएको संरचनागत समस्या समाधानका लागि नगरसभाले नयाँ योजना अघि सारे पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेमा मात्र नगरवासीले प्रत्यक्ष लाभ पाउने सरोकारवालाहरूको भनाइ छ। अब उपमहानगरपालिकाले महालेखाका सुझावलाई व्यवहारमा कत्तिको उतार्छ र फोहोर व्यवस्थापनलाई दिगो तथा व्यवस्थित बनाउँछ भन्ने विषय चासोका रूपमा हेरिएको छ।

## देवाही..........

प्रशासन र सडक डिभिजन कार्यालयले तत्कालै स्थलगत अनुगमन गरी कामको गुणस्तर परीक्षण ल्याब टेस्ट गर्नुपर्ने उनको माग छ। यदि प्राविधिक इन्जिनियर र ठेकेदारको मिलेमतो प्रमाणित भएमा दुवै पक्षलाई कानुनी दायरामा ल्याएर कडा कारबाही गरिनुपर्छ, उपाध्यक्ष पटेलले चेतावनी दिँदै भने जनताको करबाट बनेको सडक एक वर्ष पनि नटिक्ने गरी बनाउनु राज्यको सम्पत्तिमाथिको डकैती हो।
यस सम्बन्धमा सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरका प्राविधिक इन्जिनियर संजय यादवसँग बुझ्न खोज्दा उनीसँग तत्काल सम्पर्क हुन सकेन। यद्यपि निर्माण कार्यमा कमजोरी भएको खण्डमा पुनः सुधार गराइने र मापदण्ड विपरीतका कामलाई मान्यता नदिइने सडक डिभिजन स्रोतले जनाए । गुणस्तरहीन सडकका कारण हिउँदमा धूलो र वर्षात्मा हिलोको समस्या झन् बढ्ने भन्दै आक्रोशित स्थानीयवासीहरू आफैं अनुगमनमा उत्रिएका छन् । प्राविधिक रूपमा त्रुटिरहित र गुणस्तरीय काम सुनिश्चित नभएसम्म सडक निर्माण कार्य अगाडि बढ्न नदिने र आवश्यकता परे चरणबद्ध आन्दोलनमा उत्रिने चेतावनी समेत देवाही गोनाही-४ का बासिन्दाले दिए ।


**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - फतुवा बिजयपुर नगरपालिका, रौतहट**

# वातावरणीय प्रदूषण न्यूनीकरणका लागि विद्यालय र स्वास्थ्य संस्थाको साझा प्रतिबद्धता

*बारा, २४ जेठ*

वातावरणीय प्रदूषणका कारण मानव स्वास्थ्य, जैविक विविधता तथा समग्र पर्यावरणमा गम्भीर असर परिरहेको सन्दर्भमा स्वास्थ्य कार्यालय बाराले आइतवार प्रसौनी गाउँपालिका-स्थित बेंगा साह माध्यमिक विद्यालयमा "वातावरण प्रदूषण न्यूनीकरण सम्बन्धी बहस तथा पैरवी कार्यक्रम" आयोजना गरेको छ । कार्यक्रमले वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रणका लागि स्थानीय तह, विद्यालय र स्वास्थ्य संस्थाहरूबीच समन्वय र सहकार्यको आवश्यकतामा जोड दिएको छ ।



कार्यक्रममा प्रसौनी गाउँपालिका र परवानीपुर गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न सामुदायिक विद्यालयका प्रधानाध्यापक, स्वास्थ्य चौकी प्रमुख, स्वास्थ्यकर्मी, शिक्षक तथा सरोकारवाला निकायका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो । वातावरणीय समस्याले जनस्वास्थ्यमा पार्ने प्रभावबारे साझा बुझाइ विकास गर्दै स्थानीय स्तरमै समाधानका उपाय खोज्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको स्वास्थ्य कार्यालय बाराले जनाएको छ ।

बेंगा साह माध्यमिक विद्यालयका प्रधानाध्यापक रविन्द्र कुमार गिरिको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वास्थ्य कार्यालय बाराका जनस्वास्थ्य अधिकृत भगिरथ चौधरी, प्रसौनी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख सुरेश साह, प्रसौनी शिक्षा संयोजक सन्तोष रौनियार, परवानीपुर गाउँपालिकाका शिक्षा संयोजक रविन्द्र मिश्र, परवानीपुर गाउँपालिकाका जनस्वास्थ्य निरीक्षक जयकृष्ण मिश्र, ल्याब टेक्नोलोजिष्ट तथा अन्य स्वास्थ्यकर्मीहरूको उपस्थिति रहेको थियो । कार्यक्रमका प्रमुख प्रशिक्षक जितपुर-सिमरा उपमहानगरपालिकाका जनस्वास्थ्य अधिकृत रवि कुमार भास्कर रहेका थिए ।

प्रशिक्षक भास्करले वातावरणीय प्रदूषणका प्रमुख प्रकारहरूबारे विस्तृत प्रस्तुति दिएका थिए । उनले पानी प्रदूषण, हावा प्रदूषण, माटो प्रदूषण, ध्वनि (हो-हल्ला) प्रदूषण तथा विकिरण प्रदूषण का कारण, त्यसले मानव स्वास्थ्यमा पार्ने प्रत्यक्ष तथा अप्रत्यक्ष असर र न्यूनीकरणका उपायबारे जानकारी गराएका थिए । उनले बढ्दो शहरीकरण, अव्यवस्थित फोहोर व्यवस्थापन, रासायनिक पदार्थको अत्यधिक प्रयोग तथा वातावरणीय चेतनाको अभावका कारण प्रदूषणको समस्या जटिल बन्दै गएको उल्लेख गरे ।

जनस्वास्थ्य अधिकृत भगिरथ चौधरीले वातावरणीय प्रदूषणका कारण श्वासप्रश्वाससम्बन्धी रोग, मुटुरोग, छालासम्बन्धी समस्या तथा पानीजन्य रोगहरू बढ्दै गएको बताए । उनले वातावरण संरक्षणलाई स्वास्थ्य सुरक्षासँग जोडेर हेर्नुपर्ने आवश्यकता औंल्याउँदै विद्यालय र स्वास्थ्य संस्थाले समुदायस्तरमा जनचेतना फैलाउन महत्वपूर्ण भूमिका खेल्न सक्ने धारणा राखे ।

कार्यक्रममा सहभागी प्रधानाध्यापक तथा स्वास्थ्य चौकी प्रमुखहरूले आ-आफ्नो क्षेत्रका वातावरणीय चुनौतीबारे अनुभव आदानप्रदान गरेका थिए । विद्यालय परिसरलाई हरियाली र सफा राख्ने, प्लास्टिकजन्य फोहोरको प्रयोग घटाउने, सुरक्षित खानेपानीको पहुँच विस्तार गर्ने तथा वातावरणमैत्री व्यवहारलाई प्रोत्साहन गर्ने विषयमा विशेष छलफल भएको थियो । सहभागीहरूले वातावरण संरक्षणलाई पाठ्यक्रमसँग समेत जोडेर विद्यार्थीमा व्यवहारिक चेतना विकास गर्नुपर्ने सुझाव दिएका थिए ।

कार्यक्रम सञ्चालन प्रसौनी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख सुरेश साहले गरेका थिए । समापनका क्रममा अध्यक्ष रविन्द्र कुमार गिरिले वातावरणीय प्रदूषण नियन्त्रणका लागि विद्यालय, स्वास्थ्य संस्था, स्थानीय सरकार र समुदायबीच निरन्तर सहकार्य आवश्यक रहेको बताए । उनले यस्ता कार्यक्रमले विद्यार्थी, शिक्षक तथा समुदायमा वातावरण संरक्षणप्रति जिम्मेवारीबोध बढाउने विश्वास व्यक्त गरे ।

कार्यक्रमबाट वातावरणीय प्रदूषण न्यूनीकरणका लागि स्थानीय स्तरमा सचेतना अभिवृद्धि गर्दै विद्यालय र स्वास्थ्य संस्थालाई अभियानको अग्रपङ्क्तिमा परिचालन गर्ने प्रतिबद्धता व्यक्त गरिएको आयोजकले जनाएको छ ।

# रास्वपा पर्सामा विवाद चुलियो, कलैयाका कार्यकर्ता केन्द्रीय कार्यालयमा धर्नामा

*बारा, २४ जेठ*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पर्साभित्र लामो समयदेखि देखिएको आन्तरिक विवाद जिल्ला अधिवेशनको पूर्वसन्ध्यामा थप चर्किएको छ । कलैया उपमहानगरपालिकाको नगर अधिवेशनको नतिजा र जिल्ला प्रतिनिधि चयनलाई लिएर उत्पन्न विवादका कारण पार्टीभित्र दुई पक्षबीच टकराव बढ्दै गएको छ ।



कलैया उपमहानगरपालिकाको नगर अधिवेशनमा उमाशंकर रौनियार १२४ मत प्राप्त गर्दै नगर सभापतिमा निर्वाचित भएका थिए । निर्वाचित पदाधिकारीहरूको शपथ ग्रहणसमेत सम्पन्न भइसकेपछि मधेश प्रदेश समितिले पुनः निर्वाचन गराउने सूचना जारी गरेपछि विवाद सुरु भएको हो । पुनः निर्वाचनको निर्णयविरुद्ध कलैया उपमहानगरपालिकाका कार्यकर्ताहरूले आइतवार पार्टीको केन्द्रीय कार्यालयमा धर्ना दिएका छन् । प्रदर्शनकारीहरूले पारदर्शी र विधिसम्मत निर्णयको माग गर्दै ५० प्रतिशतभन्दा बढी मत नपुगेको आधार देखाएर पुनः निर्वाचनको सूचना जारी गरिएको दाबी गरेका छन् । उनीहरूले उक्त निर्णय पार्टीको विधान, लोकतान्त्रिक मूल्य र संगठनात्मक प्रक्रियाविपरीत रहेको आरोप लगाएका छन् ।

यता, विवादका कारण रास्वपा पर्साको प्रथम जिल्ला अधिवेशनको निर्वाचन प्रक्रिया पनि प्रभावित बनेको छ । शनिबार वीरगञ्जस्थित होटल गेटवेमा आइतबार हुने जिल्ला अधिवेशनका लागि निर्वाचन प्रक्रिया सञ्चालन भइरहेको बेला मतदाता अर्थात् जिल्ला प्रतिनिधिको नामावलीलाई लिएर दुई पक्षबीच विवाद चर्किएको थियो । विवादले उग्र रूप लिएपछि हानाहानको अवस्था सिर्जना भएको र निर्वाचन समितिले निर्वाचन प्रक्रिया स्थगित गरेको थियो ।

निर्वाचन समितिका संयोजक डा. नन्दन यादवले प्रारम्भिक रूपमा निर्वाचन प्रक्रिया आइतबार बिहान ८ बजेसम्मका लागि स्थगित गरिएको सूचना जारी गरेका थिए । त्यसपछि पुनः अर्को सूचना जारी गर्दै आइतबार अपराह्न ३ बजेदेखि निर्वाचन प्रक्रिया अघि बढाइने जनाइएको थियो । तर साँझसम्म पनि निर्वाचन प्रक्रिया सुरु हुन नसकेको र अधिवेशन अन्योलमै रहेको जनाइएको छ ।

अधिवेशनस्थल क्लासिक बैंकेटमा कार्यकर्ताहरू नेतृत्वको निर्णयको प्रतीक्षामा रहेका छन् । विवाद समाधानका लागि काठमाडौंबाट आएका रास्वपाका संगठन विभाग सचिव शंकर श्रेष्ठको उपस्थितिमा होटल भिस्वामा दुवै पक्षका नेताबीच निरन्तर छलफल भइरहेको स्रोतले जनाएको छ ।

विवाद थप चर्किने क्रममा आइतबार बिहान कलैया महानगर समितिका सभापति दीपराज श्रेष्ठले महानगर समिति अन्तर्गत रहेका सबै विभागहरू खारेज गरिएको घोषणा गरेका थिए । उक्त निर्णयपछि पार्टीभित्रको असन्तुष्टि झन् बढेको बताइएको छ ।

रास्वपा पर्साका सभापति तथा पर्सा-१ का सांसद हरि पन्त ले दुवै पक्षबीच सहमति खोज्ने प्रयास जारी रहेको बताएका छन् । उनका अनुसार पार्टीभित्र देखिएको विवाद संवाद र सहमतिमार्फत समाधान गर्ने प्रयास भइरहेको छ ।

पर्सामा पालिका अधिवेशनदेखि नै सुरु भएको गुटगत विवाद जिल्ला अधिवेशनको समयमा थप सतहमा आएको देखिएको छ । एक पक्षको नेतृत्व सांसद हरि पन्तले गर्दै आएका छन् भने अर्को पक्षमा पर्सा-२ का सांसद सुशील साह कानु, पर्सा-३ का सांसद रमाकान्त चौरसिया र पर्सा-४ का सांसद टेकबहादुर शाक्य रहेको बताइएको छ ।

सांसद सुशील साह कानुले जिल्ला सभापतिले जिल्लाका १४ स्थानीय तहमध्ये ८ पालिकामा अधिवेशन नै नगराएको तथा जिल्ला प्रतिनिधि चयन प्रक्रियामा एकलौटी गरेको आरोप लगाएका छन् । उनले विभिन्न विभाग गठन गरी त्यही माध्यमबाट अतिरिक्त प्रतिनिधि थपिएको दाबी गर्दै पार्टीको अधिवेशन र निर्वाचन प्रक्रिया पार्टीको विधान, निर्देशन तथा लोकतान्त्रिक अभ्यासअनुसार हुनुपर्नेमा जोड दिएका छन् ।

पार्टीभित्रको विवाद समाधान नभएसम्म जिल्ला अधिवेशन र नेतृत्व चयन प्रक्रिया कहिले सम्पन्न हुन्छ भन्ने विषय अन्योलमै रहेको छ ।

# वन कर्मचारीमाथि कुटपिट गर्ने मुख्य आरोपी साह वीरगन्जबाट पक्राउ

*शु. आ. सम्वाददाता*
*रौतहट, २४ जेठ*

रौतहटको चन्द्रपुरमा गस्तीमा रहेका वन कर्मचारी र साझेदारी वन समूहको टोलीमाथि साङ्घातिक आक्रमण गरी फरार भएका मुख्य प्रतिवादीलाई प्रहरीले पर्साको वीरगन्जबाट पक्राउ गरेको छ । ज्यान मार्ने उद्योग मुद्दाका मुख्य फरार प्रतिवादी गुजरा नगरपालिका वडा नं. २ मैढा टोल बस्ने ३६ वर्षीय राज किशोर साहलाई प्रहरीले नियन्त्रणमा लिएको हो ।



जिल्ला प्रहरी कार्यालय रौतहटले दिएको जानकारी अनुसार गत जेठ १९ गते राति साढे १२ बजेको समयमा चन्द्रपुर सब-डिभिजन वन कार्यालयका प्रमुख राज कुमार चौधरीको नेतृत्वमा वन कर्मचारी र रङ्गपुर साझेदारी वन समूहको संयुक्त गस्ती टोली खटिएको थियो । चन्द्रपुर नगरपालिका वडा नं. ६ स्थित लमहा खोला नजिकै पुग्दा रामध्यान साहका छोरा राज किशोर साहसहित ७/८ जनाको समूहले वन टोलीमाथि अचानक आक्रमण र कुटपिट गरेको थियो ।

वारदात पश्चात् आरोपीहरू घटनास्थलबाट फरार भएका थिए । उक्त घटनाका सम्बन्धमा सब-डिभिजन वन प्रमुख राज कुमार चौधरीले दिएको जाहेरीका आधारमा नेपाल सरकार वादी भई निजहरू विद्ध ज्यान मार्ने उद्योग कसूरमा मुद्दा दर्ता गरिएको थियो । मुद्दा दर्तापछि सम्मानित रौतहट जिल्ला अदालत गौरबाट प्रतिवादीहरूलाई पक्राउ गर्न अनुमति (पुर्जी) जारी भएको थियो ।

अदालतको अनुमति पश्चात् जिल्ला प्रहरी कार्यालय रौतहटले विशेष तदाकताका साथ आरोपीहरूको खोजतलास तीव्र पारेको थियो । यसै क्रममा मुख्य आरोपी राज किशोर साह पर्सा जिल्लाको वीरगन्ज बजार क्षेत्रमा लुकिछिपी बसिरहेको विशेष सूचना प्रहरीले प्राप्त गरेको थियो ।

सोही सूचनाका आधारमा इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर रौतहट र वडा प्रहरी कार्यालय बिर्ता, वीरगन्ज पर्साको संयुक्त समन्वयमा खटिएको प्रहरी टोलीले शनिबार बेलुकी करिब वीरगन्ज महानगरपालिका वडा नं. ४ स्थित नारायणी अस्पताल नजिकैबाट साहलाई फेला पारी नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक बसन्त गौतमका अनुसार पक्राउ परेका साहलाई रौतहट ल्याई हिरासतमा राखेर घटनाको सम्बन्धमा थप आवश्यक अनुसन्धान कार्य अगाडि बढाइएको छ । घटनामा संलग्न अन्य फरार व्यक्तिहरूको पनि खोजी कार्य भइरहेको प्रहरीले जनाए ।

# दलित समुदायका समस्या समाधानमा समिति प्रतिबद्ध : उपाध्यक्ष पासवान

*उपेन्द्र पासवान*
*रौतहट, २४ जेठ*

संविधानले समानता, सामाजिक न्याय र समावेशी लोकतन्त्रको परिकल्पना गरे पनि मधेश प्रदेशका दलित समुदाय अझै पनि गरिबी, सामाजिक विभेद, भूमिहीनता, बेरोजगारी र अवसरको अभावसँग जुधिरहेका छन् । यिनै चुनौतीहरूलाई सम्बोधन गर्दै दलित समुदायको अधिकार संरक्षण, सशक्तीकरण र सामाजिक रूपान्तरणका लागि स्थापित दलित विकास समितिले समस्या समाधानमा सक्रिय र प्रतिबद्ध भएर काम गर्ने जनाएको छ ।




**मधेशमा दलित अगुवा भेला तथा गोष्ठी सम्पन्न**
दलित समुदायको हक-अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारी र प्रतिनिधित्वबारे छलफल

मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालय तथा दलित विकास समिति, मधेश प्रदेशको आयोजनामा शनिबार रौतहटको चन्द्रनिगाहपुरस्थित तराई इन होटलमा सम्पन्न दलित अगुवा भेला तथा गोष्ठीमा सहभागीहरूले दलित समुदायको वर्तमान अवस्था, चुनौती र समाधानका उपायबारे गम्भीर छलफल गरेका थिए ।

कार्यक्रमका अध्यक्ष तथा दलित विकास समितिका उपाध्यक्ष जितेन्द्र पासवानले दलित समुदायका समस्या र गुनासाहरू सुन्दा उनीहरूको जीवन अझै पनि सामाजिक विभेद, बहिष्करण, गरिबी र अवसरको अभावबाट प्रभावित रहेको अनुभूति भएको बताए । उनले शिक्षा, स्वास्थ्य, रोजगारी, भूमि अधिकार र सामाजिक सम्मानका क्षेत्रमा दलित समुदायले अझै कठिन चुनौती सामना गरिरहेको उल्लेख गर्दै ती समस्याको समाधानका लागि समिति दृढतापूर्वक अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले मधेश प्रदेश सरकारले दलित समुदायको अधिकार संरक्षण, क्षमता अभिवृद्धि तथा सामाजिक उत्थानका लागि समिति गठन गरेको स्मरण गराउँदै अब समितिले आफ्नो उद्देश्यअनुरूप प्रभावकारी र परिणाममुखी कार्यसम्पादन गर्ने विश्वास व्यक्त गरे ।

गोष्ठीमा सर्लाही र रौतहटका दलित अगुवा, सामाजिक अभियन्ता, पत्रकार तथा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरू सहभागी थिए । कार्यक्रममा दलित समुदायले भोगिरहेका विभेद, राज्यबाट अपेक्षित सेवा-सुविधा तथा सामाजिक न्यायका सवालमा अनुभव आदान-प्रदान र विचार-विमर्श भएको थियो ।

दलित अधिकारकर्मी पुनित रामले लामो संघर्षपछि दलित विकास समिति गठन हुनु समुदायका लागि महत्वपूर्ण उपलब्धि भएको बताए । तर समितिलाई केवल औपचारिक संरचनामा सीमित नराखी पर्याप्त स्रोतसाधन, अधिकार र कार्यक्षमतासहित सशक्त बनाउनुपर्ने आवश्यकता औंल्याए । उनले दलित अधिकारको प्रभावकारी कार्यान्वयनका लागि समुदाय स्वयं संगठित, सचेत र सक्रिय हुनुपर्नेमा जोड दिए ।

इन्सेक मधेश प्रदेशका संयोजक राजु पासवानले संविधान र कानुनले दलित समुदायका अधिकार सुनिश्चित गरे पनि व्यवहारमा छुवाछूत, जातीय विभेद र हिंसाका घटनाहरू अझै अन्त्य हुन नसकेको बताए । उनका अनुसार कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन नसक्दा दलित समुदाय न्याय, सुरक्षा र अवसरबाट अझै वञ्चित हुन बाध्य छ ।

त्यसैगरी राष्ट्रिय दलित पत्रकार संघ, मधेश प्रदेशका अध्यक्ष कैलास दासले राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशको कुल जनसंख्या ६१

बाँकी तेश्रो पृष्ठमा

समाजिक सञ्जालको दुरूपयोग नगरौं ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - फेटा गाउँपालिका, बारा